"स्वच्छ, सफा, समृद्ध, सुन्दर - महालक्ष्मी नगर"
"Clean, Green, Prosperous, Full of Beauty- Mahalaxmi Municipality"
महालक्ष्मी नगरपालिका
Mahalaxmi Municipality
नगर कार्यपालिकाको कार्यालय
Office of the Municipal Executive
ललितपुर, बागमती प्रदेश, नेपाल
Lalitpur, Bagmati Province, Nepal

मिति २०७७/०३/३१

## प्रेस नोट

आदरणिय दिदी बहिनी तथा दाजुभाइहरु, कोरोना भाइरस (कोभिड १९) बाट महालक्ष्मी नगरपालिकामा प्रभाव परेको तपाईंहरुलाई जानकारी नै छ। नगरपालिकामा २३ जना संक्रमित भएपछि नगरपालिकाको प्रयासबाट गत शनिबार संक्रमितको नजिकमा रहेको आशंका गरिएका ७४ जना र समुदायका १ सय ३९ जना गरी २१३ जनाको पीसीआर परीक्षण गरिएको थियो। परीक्षण गरिएका सबै जनाको नतिजा नेगेटिभ आएको खबर सुनाउन पाउँदा खुसी लागेको छ। यसबाट कोरोना संक्रमण समूदाय तहसम्म पुग्न सकेको छैन भन्ने पुष्टि भएको छ।

विदेशबाट फर्केका, अन्य रोगको उपचारका लागि अस्पताल गएका, अस्पतालमा कार्यरत स्वास्थ्यकर्मी र काठमाडौंबाट अन्य जिल्लामा प्रवेश परीक्षा दिन जान लागेका विद्यार्थीहरुलाई शंकाको आधारमा स्वास्थ्य परीक्षण गर्दा कोरोना पुष्टि भएको थियो। संक्रमितहरु निको भइरहेको र समूदायसम्म नपुगेकाले यसबाट आत्तिनुपर्ने अवस्था छैन। तर पनि उच्चस्तरको सजगता र सतर्कता अपनाउन नगरवासीलाई अपिल गर्दछु।

कोरोना परीक्षणका लागि सहयोग गर्ने स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, स्वास्थ्य सेवा विभागका महानिर्देशक डा. दिपेन्द्ररमण सिंह, इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाका प्रमुख डा. वासुदेव पाण्डे, परीक्षणका लागि केन्द्रीय प्रयोगशालाबाट खटिएर आउनुभएका स्वास्थ्यकर्मी साथीहरु, नगरपालिकाका जनप्रतिनिधिहरु, नगरपालिकाका कर्मचारी एवं स्वास्थ्यकर्मीहरु, तथा स्थानीयबासी सबैमा हार्दिक धन्यवाद व्यक्त गर्दछु।

केही दिनभित्रै महालक्ष्मीलाई कोरोनामुक्त बनाउने अभियानका सहयोगी राजनीतिक दल, नेपाल प्रहरी, नागरिक समाज, सामाजिक संघसंस्था सबैमा धन्यवाद व्यक्त गर्दछु। आगामी दिनमा पनि सहयोगको अपेक्षा गरेको छु।

रामेश्वर श्रेष्ठ
नगर प्रमुख

*"Unite to fight against Corona Virus COVID – 19"*

फोन नं.: ०१-५२०३५९२, ०१-५२०१६३३, ०१-५२०१७३३
E-mail: info@mahalaxmimun.gov.np, mahalaxmimun@gmail.com, Web: http://mahalaxmimun.gov.np